सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १९८ ♦ २०८२ साल चैत्र ११ बुधवार ♦ 25 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# चैती छठ : अस्ताउँदो सूर्यलाई अर्घ्य दिइयो





धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**चैत्र १० गते, महोत्तरी**

चार दिवसीय चैती छठ पर्वको तेस्रो दिन मङ्गलवार साँझ अस्ताउँदो सूर्यलाई पूजापाठसहित 'साँझिया अर्घ्य' दिइएको छ। कात्तिकमा मनाइने मुख्य छठ झैँ विधि विधान र हेको यस पर्वमा व्रतालुले जलाशयमा सजिएका पूजा सामग्रीसहित अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका हुन् ।

चैत शुक्लपक्षमा चार दिनसम्म मनाइने यस पर्वको तेस्रो दिन अर्थात् षष्ठी तिथिलाई विशेष महत्वका साथ मनाइन्छ। आज साँझ जिल्लाका नदी, पोखरी तथा विभिन्न जलाशयमा निर्माण गरिएका छठ घाटहरूमा व्रतालुहरू भेला भई विधिपूर्वक अर्घ दिएका हुन्।

औरही नगरपालिका-१ स्थित जङ्गहा खोलामा विगतमा जेसिबी प्रयोग गरी पानी व्यवस्थापन गरेर छठ मनाउने गरिए पनि पछिल्ला वर्षहरूमा खोला सुक्दै जानुका साथै प्रदूषण बढेपछि यस वर्ष व्रतालुहरूले वैकल्पिक स्थल रोजेका छन्।

स्थानीयवासीका अनुसार गौशाला नगरपालिका-१ र ामनगरस्थित पेपर मिलबाट निस्किएको फोहोर पानी मिसिँदा जङ्गहा खोला थप प्रदूषित बनेको छ। सोही कारण यस वर्ष व्रतालुहरू औरही-१ मा रहेको महादेव पोखरीमा भेला भई छठ पर्व मनाएका छन्।

उक्त पोखरीमा करिब १५० घर परिवार सहभागी भएका छन्।

यसैबीच, औरही उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्रवण चौधरीले उद्योगबाट निस्कने फोहोर पानीको उचित व्यवस्थापन नहुँदा नदी-खोला प्रदूषित बन्दै गएको बताउनुभयो। "धार्मिक तथा सांस्कृतिक पर्व

*बाँकी पृष्ठ ३ मा*

# मधेशमा ८७ हजारभन्दा बढी विद्यार्थी एसइई परीक्षामा सहभागी हुने

खबर दर्पण समाचारदाता

**चैत्र १० गते, बर्दिवास**

आगामी चैत १९ गतेबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि मधेश प्रदेशमा तयारी तीव्र पारिएको छ। यस वर्ष प्रदेशभरबाट ८७ हजार ५९१ जना विद्यार्थी परीक्षामा सहभागी हुने भएका छन् ।

शिक्षा विकास निर्देशनालय मधेश प्रदेशका अनुसार परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन प्रदेशभर २९९ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। ती केन्द्रहरूमा एक हजार ३१६ विद्यालयका विद्यार्थी सहभागी हुनेछन् ।

परीक्षा सञ्चालनलाई प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापनसमेत व्यापक रूपमा गरिएको छ । निर्देशनालयका अनुसार २९९ जना केन्द्राध्यक्ष, ४३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २३५ जना निरीक्षक,



७३४ जना परीक्षा सहायक तथा एक हजार ६०३ जना कार्यालय सहयोगी परिचालन गरिनेछ । साथै, सुरक्षाको दृष्टिले चार हजार ४८५ जना सुरक्षाकर्मी खटाइने व्यवस्था गरिएको छ ।

जिल्लागत विवरणअनुसार धनुषा जिल्ला बाट सबैभन्दा बढी १३ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । यहाँका २०३ विद्यालयका विद्यार्थी एसइईमा बस्नेछन् । यता, सबैभन्दा कम सहभागी सप्तरी जिल्लाबाट रहेका छन् । सप्तरीबाट १६२ विद्यालयका नौ हजार २७६ विद्यार्थीले परीक्षा दिनेछन् । सिरहा जिल्लाबाट ११ हजार ३८, महोत्तरी जिल्लाबाट ११ हजार ३५१, सर्लाही जिल्लाबाट ११ हजार ३७१, रौतहट जिल्लाबाट नौ हजार ७७७, बारा जिल्लाबाट १० हजार ८१३ तथा पर्सा जिल्लाबाट १० हजार ७०३ विद्यार्थी सहभागी हुनेछन् ।

निर्देशनालयको तथ्याङ्कअनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष सहभागी विद्यार्थीको संख्या घटेको छ। गत वर्ष ८८ हजार ८५८ विद्यार्थी एसइईमा सहभागी भएका थिए भने यस वर्ष एक हजार २६७ जना कम

*बाँकी पृष्ठ ३ मा*



# १७ दिनको मौनतापछि बोले गगन थापा : रास्वपालाई बधाईसँगै खबरदारी, पार्टी सुधारमा जोड

**खबर दर्पण समाचारदाता**
**चैत्र १० गते, बर्दिवास**

चुनावी पराजयपछि करिब १७ दिन सार्वजनिक रूपमा मौन बसेका नेपाली कांग्रेसका सभापति गगन थापा अन्ततः पार्टीको केन्द्रीय कार्यसमिति बैठकमार्फत आफ्नो धारणा सार्वजनिक गरेका छन्। फागुनका अन्तिम ९ दिन र चैतका पहिलो ८ दिनसम्म थापा सार्वजनिक कार्यक्रममा नदेखिँदा उनको मौनता चर्चाको विषय बनेको थियो। यसबीच उनी परिवारसहित पोखरा भ्रमणमा समेत गएका थिए।

देशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अप्रत्याशित रूपमा करिब दुईतिहाइ (१८३ सिट) जित हासिल गरी नयाँ राजनीतिक समीकरण बनाएको बेला थापाको मौनता झन् चासोको विषय बनेको थियो। कांग्रेस, एमाले लगायतका दलहरूले स्पष्ट बहुमत नआउने आकलन गरिरहेका बेला आएको यस परिणामले परम्परागत दलहरूलाई कमजोर बनाएको छ।

### रास्वपालाई बधाई, प्रतिपक्षको भूमिकामा कांग्रेस

केन्द्रीय कार्यसमितिमा बोल्दै थापाले रास्वपालाई निर्वाचन जितको बधाई दिँदै सरकार सञ्चालनमा सहयोग रहने बताएका छन्। साथै, कांग्रेस संसद्मा प्रमुख प्रतिपक्षीका रूपमा रहँदै सरकारलाई आवश्यक खबरदारी गर्ने स्पष्ट संकेत दिएका छन्।

उनले सरकारलाई पाँच वर्ष स्थिर रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै देशलाई अस्थिरतातर्फ जान नदिन सबै पक्ष जिम्मेवार हुनुपर्ने बताए।

### सम्पत्ति छानबिनका लागि आयोगको प्रस्ताव

थापाले २०४६ सालपछि सार्वजनिक पदमा रहेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्नुपर्ने प्रस्ताव राखेका छन्। अवैध सम्पत्ति देखिएमा जफत गर्नेसम्मको प्रक्रिया अघि बढाउन कांग्रेस तयार रहेको उनले बताए।

### कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग

जेन-जी आन्दोलनसम्बन्धी छानबिनका लागि गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन तत्काल सार्वजनिक



गरी कार्यान्वयन गर्न उनले सरकारसँग माग गरेका छन्। दोषीलाई कारबाही गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए।

### निर्वाचनभन्दा माथि पार्टी

थापाले कांग्रेसलाई केवल चुनावी परिणाममा सीमित नगरी व्यापक राजनीतिक संस्था रूपमा हेर्नुपर्ने धारणा व्यक्त गरे। निर्वाचन हार-जित स्वाभाविक भए पनि पार्टीभित्र सुधार अपरिहार्य रहेको उनले बताए।

### महाधिवेशनबाट पछि नहट्ने संकेत

सभापति थापाले आगामी १५औँ महाधिवेशनको कार्यतालिका प्रस्ताव गर्दै भदौ २४ गतेदेखि महाधिवेशन गर्ने योजना अघि सारेका छन्। उनले विशेष महाधिवेशनका आधारमा आएका मतभेद बिर्सेर पार्टी एकताबद्ध हुनुपर्ने बताएका छन्।

### राजीनामाबारे स्पष्टिकरण

चुनावी हारपछि दिएको आफ्नो राजीनामा अस्वीकृत हुनु अपेक्षा विपरीत भएको भए पनि त्यस निर्णयको सम्मान गर्ने थापाले बताए। उनले आफूले हतार वा हताशमा राजीनामा नदिएको दाबी पनि गरे।

### देउवा समूहप्रति संकेत

थापाले निर्वाचनको यथार्थ नबुझी अनुमान गर्ने प्रवृत्तिमाथि टिप्पणी गर्दै घुमाउरो रूपमा देउवा समूहप्रति असन्तुष्टि व्यक्त गरेका छन्। पार्टीभित्रको आन्तरिक विवाद जारी रहे पनि महाधिवेशनमार्फत अगाडि बढ्ने सन्देश उनले दिएका छन्।

# जलेश्वर कारागारबाट फरार एक भारतीय कैदी सीमा क्षेत्रबाट पक्राउ

**खबर दर्पण समाचारदाता**
**चैत्र १० गते, बर्दिवास**

जलेश्वर कारागारबाट फरार भएका एक भारतीय कैदीलाई प्रहरीले सीमा क्षेत्रबाट पक्राउ गरेको छ। गत भदौ २४ गते कारागार तोडफोड गरी फरार भएका भारतीय नागरिक सब्दुल नदाफ पक्राउ परेका हुन्।

भारतको बिहार राज्यस्थित सीतामढी जिल्ला, बेला थानाअन्तर्गत बेताहा गाउँका नदाफलाई सीमावर्ती सम्सी गाउँपालिका नजिकको क्षेत्रबाट सोमबार पक्राउ गरिएको प्रहरीले जनाएको छ।

जलेश्वर कारागार प्रमुख अशोककुमार क्षेत्रीका अनुसार नदाफ चोरी तथा डाँका मुद्दामा महोत्तरी जिल्ला अदालतको आदेशले २०८१ वैशाख ३ गतेदेखि पुर्पक्षका लागि थुनामा थिए। गत भदौ २४ गते देशमा उत्पन्न असहज परिस्थितिको मौका छोपी उनीसहितका कैदीहरू जेल ब्रेक गरी फरार भएका थिए।

कारागार प्रशासनका अनुसार उक्त घटनाका दिन ४१ भारतीयसहित ५७३ जना कैदी फरार भएका थिए। प्रशासनको आह्वानपछि हालसम्म १० भारतीयसहित ३०९ जना कैदी पुनः सम्पर्कमा आएका छन्। जसमध्ये धेरैजसो स्वेच्छाले फर्किएका छन् भने केहीलाई पक्राउ गरेर ल्याइएको हो।

जलेश्वर कारागारका सूचना अधिकारीका अनुसार हाल पनि ३१ भारतीय र २२३ नेपाली गरी कुल २५४ जना कैदी फरार रहेका छन्। उनीहरूको खोजी कार्य तीव्र पारिएको प्रहरीले जनाएको छ।

प्रहरी उपरीक्षक हेरम्ब शर्माले फरार कैदीहरूको विवरण सबै प्रहरी इकाइहरूमा पठाइएको र खोजी कार्यलाई तीव्रता दिइएको जानकारी दिनुभयो। उहाँका अनुसार फरार कैदीलाई लुकाउने, आश्रय दिने वा सीमा पार गराउन सहयोग गर्ने




व्यक्तिलाई पनि कानुनी कारबाहीको दायरामा ल्याइनेछ। नेपाल-भारत सीमा क्षेत्रमा लुकेर बसेका कैदीहरूको खोजीका लागि भारतीय समकक्षीसँग समन्वय बढाइएको छ। सोही क्रममा नदाफलाई पक्राउ गर्न सफल भएको प्रहरीले जनाएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# चैती छठ : अस्ताउँदो....

मनाउने स्थल नै प्रदूषणका कारण प्रभावित हुनु दुःखद पक्ष हो," उहाँले भन्नुभयो, "सम्बन्धित उद्योग तथा सरोकारवाला निकायले फोहोर पानी प्रशोधन गरेर मात्र वातावरणमा छोड्ने व्यवस्था गर्नुपर्छ।"



त्यस्तै, औरही नगरपालिका-७ सोनामाई भोएलस्थित शक्ति पीठ मन्दिरअगाडिको पोखरीमा करिब ८० घरपरिवार, गौशाला नगरपालिका-५ अन्तर्गत बग्ने मरहा खोलामा करिब ३०० घर परिवार तथा सोही पालिकाको निगौल ठाकुर पोखरीमा करिब २०० घरपरिवारले सामूहिक रूपमा छठ पर्व मनाएका छन्। चैती छठ महोत्तरीको जलेश्वर , मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत अन्य सहरी तथा ग्रामीण क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा यहाँका प्रसिद्ध नदीहरू– बिग्ही, रातो मरहा, जङ्गहा, अंकुसी नदी तथा नहरका किनार मा धुमधामका साथ मनाइने गरिएको छ।

छठ पर्वको अवलोकन गर्न विभिन्न स्थानबाट श्रद्धालु भक्तजनको उल्लेख्य भीड लागेको छ। आइतबारदेखि विधिवत रूपमा सुरु भएको छठ पर्वअन्तर्गत आज मंगलबार साँझ अस्ताउँदो सूर्य र छठी मातालाई अर्घ अर्पण गरिएको हो। यस पर्वको अन्तिम दिन सप्तमी तिथिमा भोलि बुधबार बिहान व्रतालुहरूले उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेपछि पूजा समापन हुनेछ।

छठ पर्वमा सूर्य भगवान् र छठी माताको पूजाअर्चनाका लागि गहुँ वा चामलको पिठोबाट तयार पारिएको ठेकुवा, साथै मुला, गाजर, बेसारको हरियो बेर्ना, ज्यामिर, नरिवल, सुन्तला, केरा, स्याउ, पानी सिंगडा, सुथनी र उखुजस्ता फलफूल अर्पण गर्ने परम्परा रहेको छ।

चैती छठ पर्वका अवसरमा महोत्तरीका विभिन्न नदी, पोखरी तथा जलाशयहरूको सर सफाइ गरिएको छ। तराई-मधेस क्षेत्रमा विशेष आस्थाका साथ मनाइने छठ पर्व कात्तिक र चैत महिनामा वर्षमा दुई पटक मनाउने गरिन्छ।

# बस्तीमा चितुवा देखिएपछि गाउँले त्रसित

**खबर दर्पण समाचारदाता**

**चैत्र १० गते, ढल्केवर**

धनुषाको मिथिला नगर पालिका-७, एक्लेबरस्थित मानवबस्ती नजिकै जङ्गली चितुवा देखापरेको छ। वडाध्यक्ष रामबहादुर स्याङ्दनले मङ्गलबार बिहान १० बजे एक्लेबरस्थित विक्रम थिङको घर अगाडि चितुवा देखिएको बताउनुभयो। उहाँले केही दिन अगाडि चितुवाले एउटा बाखा खाइदिएको र अर्को एक बाखालाई घाइते बनाएको जानकारी दिनुभयो । जङ्गलको नजिक रहेको बस्तीमा चितुवा देखा परेको बारे डिभिजन वन कार्यालय धनुषालाई जानकारी गराएको उहाँले बताउनुभयो । वडाध्यक्ष स्याङ्दनले बस्ती नजिक चितुवा देखिएपछि स्थानीय त्रसित भएको बताउनुभयो । डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले त्यसतर्फ गस्ती टोली पठाएको बताउँदै स्थानीयलाई सतर्क रहन आग्रह गर्नुभयो ।

# मधेशमा ८७ हजारभन्दा ..........

भएका छन् ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक महेन्द्र महतोका अनुसार परीक्षाको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । उनले परीक्षा मर्यादित, अनुशासित र निष्पक्ष बनाउन आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिमार्फत नियमित अनुगमन गरिने बताए ।

त्यस्तै, मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र लगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाइने तयारी गरिएको पनि निर्देशक महतोले जानकारी दिए ।

प्रदेशभर उच्च सतर्कताका साथ परीक्षा सञ्चालन गर्ने तयारी भइरहेको र कुनै पनि किसिमको अनियमितता हुन नदिन कडा निगरानी गरिने सम्बन्धित निकायले जनाएको छ ।

सामाजिक सुरक्षा भत्ता नविकरण समय मै गरौं ।
सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले हरेक आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा गई परिचयपत्र नविकरण अनिवार्य गर्नुपर्नेछ। नविकरणका लागि नागरिकता, पुरानो परिचयपत्र र बैंक पासबुकको प्रतिलिपि आवश्यक पर्दछ। समयमै नविकरण नगरेमा भत्ता रोक्का हुन सक्नेछ। ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकाले भत्ता नरोकिने सुनिश्चित गर्न आवश्यक कागजात (नागरिकता, फोटो) सहित अनिवार्य रूपमा प्रक्रिया पूरा गर्नुपर्नेछ।
सामाजिक सुरक्षा भत्ता नविकरणका आवश्यक कागजातहरू:
आवश्यक कागजातहरू : सक्कल नागरिकता, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, र बैंक पासबुक ।
आफू बसेको स्थान मै नविकरण गर्न असक्षम भएमा वडा कार्यालयमा खबर गरी घर मै वा प्रतिनिधि मार्फत नविकरणको व्यवस्था मिलाउन सकिनेछ।
ध्यान दिनुहोस् : मृत्यु भइसकेका वा अन्य कारणले भत्ता नपाउनुपर्ने व्यक्तिको हकमा पनि जानकारी गराई लगत कट्टा गराउनुहुन सूचित गरिन्छ।
औरही नगरपालिका, महोत्तरी

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
मटिहानी नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।
➤आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➤आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➤नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➤आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➤सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➤सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➤जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➤सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➤अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
लक्ष्मीनिया गाउँपालकि, धनुषा

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।
गौशाला नगरपालिका, महोत्तरी

Progressive Academy
Bardibas - 1, Mahottari
www.progressivebardibas.com



Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.
✔ Integration of STEAM & PLE pedagogy
✔ Classrooms with AC and Smart Boards
✔ Focus on Moral Values & Culture
✔ Trained and Dedicated Teachers
✔ Technology Integrated Education
ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.
98540-55122 | 044-590422

# ई-रिक्सा चालकको लाइसेन्स समस्या जटिल, प्रक्रिया सहज बनाउन माग

**खबर दर्पण समाचारदाता**
**चैत्र १० गते, बर्दिवास**




मधेश प्रदेशका विभिन्न शहरहरूमा सञ्चालन हुँदै आएका ई-रिक्सा चालकहरूको जीविकोपार्जनको महत्वपूर्ण आधार बन्दै गए पनि लाइसेन्स प्राप्ति प्रक्रियामा रहेको जटिलताले ठूलो समस्या सिर्जना गरेको भन्दै सरलीकरणको माग गरिएको छ।

नेपाल ई-रिक्सा मजदुर संगठन धनुषाले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै देशभित्र रोजगारीका अवसर सीमित भइरहेका बेला ई-रिक्साले स्वदेशमै रोजगारी सिर्जना गर्न उल्लेखनीय योगदान दिएको जनाएको छ।

संगठनका अध्यक्ष विरेन्द्र महतोका अनुसार विद्युतबाट सञ्चालन हुने सिटी रिक्सा वातावरणमैत्री हुनुका साथै पेट्रोलियम पदार्थमा निर्भरता घटाउने र सर्वसाधारणलाई सस्तो तथा सहज यातायात सेवा प्रदान गर्ने माध्यम बनेको छ।

उनले जनकपुरधाम र वीरगञ्जमा गरिएको एक सर्वेक्षण उद्धृत गर्दै करिब ८१ प्रतिशत सिटी रिक्सा चालकसँग सवारी चालक अनुमति पत्र नभएको जानकारी दिए।

'कायापलट' र 'विकल्प' नामक संस्थाले ३ सयभन्दा बढी चालकमा गरेको अध्ययनले अधिकांश चालकहरू लिखित परीक्षा पास गर्न नसक्दा लाइसेन्सबाट वञ्चित भएको देखाएको उनले बताए।

संगठनका अनुसार धेरै चालकहरू कम साक्षर भएका कारण ट्रायल परीक्षा पास गरे पनि लिखित परीक्षा उत्तीर्ण गर्न कठिनाइ भोगिरहेका छन्।

लाइसेन्स अभावमा दुर्घटना हुँदा बीमा दाबी नपाउने, क्षतिपूर्ति तिर्न नसक्दा कानुनी झन्झटमा पर्ने र जेलसम्म जानुपर्ने जोखिमसमेत रहेको बताइएको छ।

उनीहरूले कोशी प्रदेशमा लागू गरिएको व्यवस्था उदाहरण दिँदै लिखित परीक्षा बिना अभिमुखीकरण तालिम र ट्रायलको आधारमा लाइसेन्स प्रदान गर्ने प्रणाली मधेशमा पनि लागू गर्न माग गरेका छन्।

यद्यपि, मधेश प्रदेश सरकारले सवारी तथा यातायात व्यवस्था ऐन ल्याए पनि त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली र कार्यविधि नबन्दा समस्या ज्यूँका त्यूँ रहेको संगठनको गुनासो छ।

सिटी रिक्सा चालक, यात्रु र समग्र यातायात व्यवस्थापनलाई व्यवस्थित बनाउन कानुनी ढाँचा स्पष्ट पार्नुका साथै लाइसेन्स प्रक्रिया सहज बनाउन सम्बन्धित निकायले शीघ्र पहल गर्न संगठनले माग गरेको छ।

# हराएका सीमा स्तम्भ पुन:निर्माण गर्ने सहमति



**खबर दर्पण समाचारदाता**
**चैत्र १० गते, बर्दिवास**

मधेश प्रदेशका जिल्लाहरूमा नेपाल-भारत सीमारेखा स्पष्ट बनाउन हराएका सीमा स्तम्भहरू पुन:निर्माण गर्ने सहमति भएको छ।

भारतको विहार राज्य अन्तर्गत रक्सौलमा मंगलबार सम्पन्न नेपाल-भारत संयुक्त बैठकले हराएका तथा क्षतिग्रस्त सीमा स्तम्भहरूको पहिचान गरी दुवै देशको सहमतिमा पुन:निर्माण गर्ने निर्णय गरेको हो।

बैठकमा मधेश प्रदेशका आठ जिल्लासहित चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, नापी तथा भवन निर्माण डिभिजन कार्यालयका प्रतिनिधिहरू सहभागी थिए।

भारतीय पक्षबाट पूर्वी चम्पारन जिल्लाका जिल्ला अधिकारीसहित सुरक्षा तथा सर्वेक्षण निकायका अधिकारीहरूको उपस्थिति रहेको थियो।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार २०७६ सालपछि पहिलोपटक बसेको यस बैठकले सीमा व्यवस्थापनलाई व्यवस्थित र स्पष्ट बनाउन महत्त्वपूर्ण निर्णय गरेको हो।

हराएका सीमा स्तम्भहरूको यकिन गरी दुवै देशका प्राविधिक र सुरक्षा टोलीको समन्वयमा छिट्टै पुन:निर्माण प्रक्रिया अघि बढाइने सहमति भएको उनले बताए।

मधेश प्रदेशका आठ जिल्लामा नेपाल-भारत सीमालाई छुट्याउन साना-ठूला गरी कुल ५ हजार ३ सय १२ सीमा स्तम्भ रहेका छन्। त्यसमध्ये ४ सय ८५ ठूला आकारका छन्। समयक्रममा केही स्तम्भ हराएका वा क्षतिग्रस्त भएका कारण सीमा स्पष्टतामा समस्या देखिँदै आएको थियो।

बैठकमा नेपाली पक्षको नेतृत्व सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले गरेका थिए भने भारतीय पक्षको नेतृत्व पूर्वी चम्पारन जिल्लाका जिल्ला अधिकारीले गरेका थिए।

दुवै देशबीचको समन्वयमा सीमा स्तम्भ पुन:स्थापना भएपछि सीमा व्यवस्थापन थप प्रभावकारी हुने विश्वास गरिएको छ।



सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना


जेष्ठ नागरिक | एकल महिला | लोपोन्मुख जाति | बालबालिका | अशक्त / अपाङ्ग

सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,